# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

आगामी आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा समेटिनु पर्ने विषयवस्तुका बारेमा सरोकारवाला पक्षको राय सुझाव लिन नेपाल राष्ट्र बैंकले असार २४ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।

देशको उद्योग, व्यापार, व्यवसाय, बैंकिङ तथा वित्तीय क्षेत्रको प्रतिनिधिमूलक संस्थाका पदाधिकारीहरू सहभागी रहेको उक्त कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले देशको आर्थिक तथा वित्तीय स्थिति थप मजबुत बनाउने प्रभावकारी मौद्रिक नीति तर्जुमा गर्न सरोकारवालाहरूको सुझाव आवश्यक रहने उल्लेख गर्दै अन्तरक्रियाबाट प्राप्त उपयुक्त राय सुझाव आगामी मौद्रिक नीति तर्जुमा गर्दा समावेश गरिने बताउनुभयो ।




सो अवसरमा सहभागीहरूले बैंकिङ क्षेत्रप्रति जनविश्वास अभिवृद्धि गर्ने, तरलता व्यवस्थापन प्रभावकारी बनाउने तथा सेयर धितो कर्जा र रियल स्टेट कर्जा केही खुकुलो पार्ने व्यवस्थासहितको मौद्रिक नीति ल्याउन सुझाव दिनुभयो । साथै, पूर्वाधार क्षेत्रमा दीर्घकालीन लगानी प्रवर्द्धन गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी वृद्धि गर्न सहयोग पुग्ने नीति आगामी मौद्रिक नीतिमा समेटिनु पर्ने सहभागीहरूले बताउनुभयो ।

डेपुटी गभर्नरद्वय श्री गोपालप्रसाद काफ्ले तथा श्री महाप्रसाद अधिकारी, सञ्चालकहरू डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना, डा. विश्वम्भर प्याकुर्‍याल तथा श्री शम्भुशरणप्रसाद कायस्थ, बैंकका विभागीय प्रमुखहरूका साथै वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सुरुमा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै देशको पछिल्लो आर्थिक स्थितिका बारे संक्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियामा नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन, नेपाल वित्तीय संस्था संघ, नेपाल लघु वित्त बैंकर्स संघ, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल सुनचाँदी व्यवसायी संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल समुद्रपार निकासी पैठारी संघ लगायतका सरोकारवाला संघ/संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालय